निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र  कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ :  प्रस्ताव नं.२ माथि छलफल गर्दा  तिनाउ गाउँपालिकाको चालू आर्थिक बर्ष २०८२।०८३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाइ कार्यक्रम तपशिलको मिति समय र स्थानमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

मितिः२०८२।०८।१७ समयः बिहानः११:३० बजे

स्थानः तिनाउ गाउँपालिकाको सभाहल,दोभान

निर्णय नं ३ :  प्रस्ताव नं.३ माथि छलफल गर्दा तिनाउ गाउँपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुमा SEE मा अध्ययनरत विद्यार्थीहरुको लागि आवासीय सुविधा उपलब्ध गराउने विद्यालयहरुलाइ आवासीय विद्यार्थी व्यवस्थापनका लागि २०८२ पुस देखि फागुन सम्म तिन महिनाको लागि प्रति विद्यार्थी रु.एक सय रुपैयाँ  गाउँसभाबाट अनुमोदन गर्ने गरि शैक्षिक सुधार खर्च शिर्षक बापत आवासिय व्यवस्थापन स्वरुप उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ३ :  प्रस्ताव नं.३ माथि छलफल गर्दा देहायबमोजिमका निर्णयहरु सर्वसम्मत गरियो।

क. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ बमोजिम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत लघु उद्यम मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने कार्यक्रम तिनाउ गाउँपालिका वडा नं ०१ मा सञ्चालन गर्ने।

ख. तिनाउ गाउँपालिका वडा नं १ स्थित कचल स्वास्थ्य चौकी अन्तर्गत रहेर वि.स. २०५७ कार्तिक ०२ देखि महिला  सामुदायिक स्वास्थ्य स्वयंसेविकाको रुपमा कामकाज गर्दै आउनुभएको श्री भुमकला बुचाले व्यक्तिगत कारण सहित राजीनामा दिनुभएकोले निजले पुर्याउनु भएको योगदान स्वरुप कार्यविधीले निर्धारण गरेको नगद सहित सम्मान गर्ने  ।

ग. तिनाउ गाउँपालिकाको पालिका स्तरिय स्थानीय शासन समितिको बैठकले तय गरे अनुरुप बाल मैत्री स्थानीय शासनको मध्यावधी समीक्षा मिति २०८२।०८।११ गते १,२ र ३ तथा  १२ गते ४,५ र ६ नं वडाको समीक्षा गर्ने।

घ. किसान सूचीकरण वडा कार्यालयबाट प्रमाणीकरण गरि गाउँपालिका समक्ष पेश गर्ने।

ङ. लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम गाउँपालिका स्तरिय मिति २०८२।०८।१७ गते अभिमुखीकरण सहित सम्पन्न गर्ने।

च. नेपाल लायन्स क्लबले फोक्सो परिक्षण कार्यक्रम व्यवस्थापनको लागि स्थान माग गरेकोमा सम्बन्धी परिक्षण सँग सम्बन्धित बिरामीहरुको घनत्व उच्च रहेको स्थान तोक्न स्वास्थ्य शाखालाइ जिम्मेवारी दिने ।

छ. तिनाउ गाउँपालिकाको कर्मचारी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन तथा सर्भेक्षण कार्यको लागि कार्यक्षेत्रगत शर्त स्विकृत गरि आवश्यक प्रकृया अगाडी बढाउने ।